# बुढीगंगा गाउँपालिका
## Budhiganga Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

**विषय :- <u>हाटबजार शुल्क कर संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने आब्हानको सूचना।</u>**

**सूचना प्रकाशित मितिः २०८१।०५।१८**

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि आ.व. २०८१/०८२ मा आन्तरिक आय व्यवस्थापनका लागि यस गाउँ कार्यपालिकाको मिति २०८१।०५।१७ को निर्णय अनुसार गाउँपालिकाको क्षेत्र भित्रका मुख्य राजमार्गबाट १०० मिटर छाडि तपशिलमा उल्लेखित साप्ताहिक र दैनिक हाटबजारहरुबाट हाटबजार ठेक्का बन्दोबस्त मार्फत कर शुल्क संकलन गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, व्यवसायीक फर्म, कम्पनी तथा संस्थाहरु लाई शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आब्हान गरिएको छ।

| सि.नं. | हटियाको नाम र स्थान | न्यूनतम कबोलअंक (भ्याट बाहेक)रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं २ को टंकी र गंगा चोक | ३,७१,७९३।०० | |
| २ | वडा नं ३ को वासबारी लगायत सम्पूर्ण हटियाहरु | १,८१,५७३।०० | |
| ३ | वडा नं ४ भित्रका सम्पूर्ण हटियाहरु | १,८१,८४६।०० | |
| ४ | वडा नं ५ पोठिया चौक र हात्तिचौकका हटियाहरु | २६,५४९।०० | |

**शर्तहरु :**

१. गाउँपालिकाको स्विकृत दररेट अनुसार साप्ताहिक तथा दैनिक हाटबजार तथा अस्थायी घुम्ती पसलबाट शु:ल्क संकलन गर्नुपर्ने छ।

२. शिलबन्दी दरभाउपत्रमा भाग लिने व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको भ्याट सहितको ५ (पांच ) प्रतिशत रकम गाउँपालिकाको एन.आइ.सी. एसिया बैंक लि. मा रहेको **<u>धरौटी खाता नं. ६९CA५०११७५५२४००६</u>** मा जम्मा गरेको सक्कलै भौचर वा शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा **७५** दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट बैंक ग्यारेन्टी ( बिड बण्ड) संलग्न गर्नु पर्नेछ।

३. ईच्छुक दरभाउपत्रदाताले मिति **२०८१।०५।२४** गते कार्यालय समय भित्रमा गाउँपालिकाको कार्यालय हात्तिमुडा बाट रु.१०००।- (पछि फिर्ता नहुने) तिरि दरभाउपत्र खरिदको लागी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यवसायी फर्म वा संस्था भए दर्ता र आ.ब.०८०/०८१ सम्म नविकरण भएको व्यवसायिक प्रमाणपत्रको प्रतिलिपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ र योजना शाखा बाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र खरिद गर्न सकिनेछ।

४. खरिद गरेका दरभाउपत्रदाताले मिति **२०८१।०५।२५** गते दिनको १२ बजे भित्र गाउँपालिकाको कार्यालय हात्तिमुडामा प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको **१.००** बजे दरभाउपत्रदाता वा प्रतिनिधी र यस कार्यालयको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताहरु अनुपस्थित भएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्नेछैन र उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सोहि समय भित्र दर्ता गरि सक्नुपर्नेछ। म्याद नाघि वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

५. दरभाउपत्र शिलबन्दी लाहाछाप गरी दरभाउपत्रदाताको नाम ठेगाना र सम्पर्क नं. प्रष्ट लेखि कार्यालयको नाममा पेश गर्नुपर्नेछ।

६. ठेक्काको अवधि २०८१ असोज ०१ गते देखि २०८२ असार मसान्त सम्म हुनेछ।

७. बोलकबोलको अंक स्वीकृत भएपछि एकमुष्ठ वा किस्तामा रकम बुझाउन सकिनेछ। रकम बुझाउँदा एन.आइ.सी. एसिया बैंक लि. मा रहेको **आम्दानी खाता नं. ०६९२०५९५०११७५००२** जम्मा गरेको सक्कल भौचर साथ संझौता गर्न आउनुपर्नेछ। सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ तर एकमुष्ठ रकम नबुझाएमा छुट दिईनेछैन। किस्तामा रकम वुझाउने भएमा कवोल अंकको ४० प्रतिशत रकम जम्मा गर्नुपर्नेछ र ६० प्रतिशत वरावरको रकमको लागि मान्यता प्राप्त वाणिज्य वैंक वा वित्तिय संस्थावाट २०८२ श्रावण मसान्त सम्म मान्य अवधि भएको परर्फमेन्स बन्ड अनिवार्य पेस गरेपछि मात्र संझौता हुनेछ र व्यक्ति भएमा एकमुष्ट रकम जम्मा गरे पछी मात्र सम्झौता हुनेछ।

८. यस सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

९. दरभाउपत्रदाताले गाउँपालिकामा तिर्नु बुझाउनु पर्ने कर लगायतको बाँकी बक्यौता भए अनिवार्य बुझाएको हुनुपर्नेछ।

१०. दरभाउपत्र फारममा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षेरमा उल्लेख गरेको रकमलाई मान्यता दिइनेछ।

११. ठेक्का स्विकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१२. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस बापतको रकम छुट मिनाहा दाबि गर्न पाइनेछैन।

१३. यस गाउँपालिकाको सक्कल छाप र दस्तखत नभएको दरभाउपत्र फारमलाई मान्यता दिइनेछैन।

प्रमुख प्रशासकिय अधिकृत

# बुढीगंगा गाउँपालिका

## Budhiganga Rural Municipality

### गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

**विषय :- हाटबजार शुल्क कर संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने आव्हानको सूचना।**

**सूचना प्रकाशित मितिः २०८१।०५।१८**

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि आ.व. २०८१/०८२ मा आन्तरिक आय व्यवस्थापनका लागि यस गाउँ कार्यपालिकाको मिति २०८१।०५।१७ को निर्णय अनुसार गाउँपालिकाको क्षेत्र भित्रका मुख्य राजमार्गबाट १०० मिटर छाडि तपशिलमा उल्लेखित साप्ताहिक र दैनिक हाटबजारहरुबाट हाटबजार ठेक्का बन्दोबस्त मार्फत कर शुल्क संकलन गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, व्यवसायीक फर्म, कम्पनी तथा संस्थाहरु लाई शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आब्हान गरिएको छ।

| सि.नं. | हटियाको नाम र स्थान | न्यूनतम कबोलअंक (भ्याट बाहेक)रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं २ को टंकी र गंगा चोक | ३,७१,७९३।०० | |
| २ | वडा नं ३ को वासबारी लगायत सम्पूर्ण हटियाहरु | १,८१,५७३।०० | |
| ३ | वडा नं ४ भित्रका सम्पूर्ण हटियाहरु | १,८१,८४६।०० | |
| ४ | वडा नं ५ पोठिया चौक र हात्तिचौकका हटियाहरु | २६,५४९।०० | |

**शर्तहरु :**

१. गाउँपालिकाको स्विकृत दररेट अनुसार साप्ताहिक तथा दैनिक हाटबजार तथा अस्थायी घुम्ती पसलबाट शु:ल्क संकलन गर्नुपर्ने छ।

२. शिलबन्दी दरभाउपत्रमा भाग लिने व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको भ्याट सहितको ५ (पांच ) प्रतिशत रक्रम गाउँपालिकाको एन.आइ.सी. एसिया बैंक लि. मा रहेको **धरौटी खाता नं. ६९CA५०११७५५२४००६** मा जम्मा गरेको सक्कलै भौचर वा शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा **७५** दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट बैंक ग्यारेन्टी ( बिड बण्ड) संलग्न गर्नु पर्नेछ।

३. ईच्छुक दरभाउपत्रदाताले मिति **२०८१।०५।२४** गते कार्यालय समय भित्रमा गाउँपालिकाको कार्यालय हात्तिमुडा बाट रु.१०००।- (पछि फिर्ता नहुने) तिरि दरभाउपत्र खरिदको लागी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यवसायी फर्म वा संस्था भए दर्ता र आ.ब.०८०/०८१ सम्म नविकरण भएको व्यवसायिक प्रमाणपत्रको प्रतिलिपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ र योजना शाखा बाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र खरिद गर्न सकिनेछ।

४. खरिद गरेका दरभाउपत्रदाताले मिति **२०८१।०५।२५** गते दिनको १२ बजे भित्र गाउँपालिकाको कार्यालय हात्तिमुडामा प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १.०० बजे दरभाउपत्रदाता वा प्रतिनिधी र यस कार्यालयको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताहरु अनुपस्थित भएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्नेछैन र उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सोहि समय भित्र दर्ता गरि सक्नुपर्नेछ। म्याद नाघि वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

५. दरभाउपत्र शिलबन्दी लाहाछाप गरी दरभाउपत्रदाताको नाम ठेगाना र सम्पर्क नं. प्रष्ट लेखि कार्यालयको नाममा पेश गर्नुपर्नेछ।

६. ठेक्काको अवधि २०८१ असोज ०१ गते देखि २०८२ असार मसान्त सम्म हुनेछ।

७. बोलकबोलको अंक स्वीकृत भएपछि एकमुष्ठ वा किस्तामा रकम बुझाउन सकिनेछ। रकम बुझाउँदा एन.आइ.सी. एसिया बैंक लि. मा रहेको **आम्दानी खाता नं. ०६९२०५९५०११७५००२** जम्मा गरेको सक्कल भौचर साथ संझौता गर्न आउनुपर्नेछ। सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ तर एकमुष्ठ रकम नबुझाएमा छुट दिईनेछैन। किस्तामा रकम वुझाउने भएमा कवोल अंकको ४० प्रतिशत रकम जम्मा गर्नुपेर्नेछ र ६० प्रतिशत वरावरको रकमको लागि मान्यता प्राप्त वाणिज्य वैंक वा वित्तिय संस्थावाट २०८२ श्रावण मसान्त सम्म मान्य अवधि भएको परर्फमेन्स बन्ड अनिवार्य पेस गरेपछि मात्र संझौता हुनेछ र व्यक्ति भएमा एकमुष्ट रकम जम्मा गरे पछी मात्र सम्झौता हुनेछ।

८. यस सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

९. दरभाउपत्रदाताले गाउँपालिकामा तिर्नु बुझाउनु पर्ने कर लगायतको बाँकी बक्यौता भए अनिवार्य बुझाएको हुनुपर्नेछ।

१०. दरभाउपत्र फारममा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षेरमा उल्लेख गरेको रकमलाई मान्यता दिइनेछ।

११. ठेक्का स्विकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१२. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस बापतको रकम छुट मिनाहा दाबि गर्न पाइनेछैन।

१३. यस गाउँपालिकाको सक्कल छाप र दस्तखत नभएको दरभाउपत्र फारमलाई मान्यता दिइनेछैन।

प्रमुख प्रशासकिय अधिकृत